११४१

राष्ट्रिय सूचना आयोग २०६५

# राष्ट्रिय सूचना आयोगको
## आदेश
मु.नं. ८६/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ..........................................................१ निवेदक

**विरूद्ध**

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, खोटाङ्ग ........................१ विपक्षी

सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, खोटाङ्ग ..........................................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला प्रशासन कार्यालय, खोटाङ्ग समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०८।२९ को आदेश बमोजिम जिल्ला प्रशासन कार्यालय, खोटाङ्गको मिति २०७१।९।२४, च.नं.९४५'क', प.सं. २०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको बोधार्थ पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

.............................
किरण कुमार पोखरेल
(सूचना आयुक्त)

.............................
कृष्णहरि बाँस्कोटा
(प्रमुख सूचना आयुक्त)

ईति सम्वत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम् ।